कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर बाँके
(५ नं प्रदेश-नेपाल)

प.सं. :०७६/०७७
च.नं. :

फोन नं. :- ०८१-५४०००९
फ्याक्स नं. :- ०८१-५४०३१८

मिति : २०७७/०२/१४

**बिषय : जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा **"कोहलपुर नगरपालिका स्तरिय कोरोना भाईरस (कोभिड-१९) रोग नियन्त्रण तथा व्यवस्थापन समितिको"** आज मिति २०७७/०२/१४ गतेका दिन बसेको बैठकको निर्णय वमोजिम अर्को सूचना नभए सम्मका लागि नेपाल सरकारले कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमण तथा नियन्त्रणका लागि घोषणा गरेको **चौंथो चरणको बन्दाबन्दी (Lockdown)** लाई अझैं व्यवस्थित र प्रभावकारी बनाउन कोहलपुर नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका तपसिल वमोजिमका व्यापार व्यवसाय, बैंक तथा वित्तिय संस्थाहरु र कार्यालयहरु निम्न वमोजिम **"नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड तथा अन्य स्वास्थ्य सम्बन्धी प्रोटोकल"** अवलम्बन गरी संचालन गर्ने व्यवस्था मिलाउन हुन सवैमा यो सार्वजनिक सुचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपसिल :

**१.बैंक तथा वित्तिय संस्थाहरु :** नेपाल बैंक लि., राष्ट्रिय वाणिंज्य बैंक लि. र कृषि विकास बैंक लि. लगायत अन्य विकास बैंक तथा वित्तिय संस्थाहरुको हकमा सर्वसाधरणको निक्षेप संकलन तथा भुक्तानी सम्बन्धी कार्य प्रत्येक हप्ताको आईतबार र बुधबार विहान १० :०० बजे देखि दिउसो २ :०० बजे सम्म संचालन गर्ने ।

**२. एग्रोभेटहरु** : प्रत्येक दिन विहान १० :०० बजे देखि दिऊसो २ :०० बजे सम्म संचालन गर्ने ।

**३. खाध्यान्न, तरकारी, डेरी, फलफुल र अन्य व्यवसायहरु जेष्ठ २० गते सम्मका लागि पुर्ण रुपमा बन्द गर्ने ।**

४. यस नगरपालिकामा क्षेत्रमा संभावित कोरोना संक्रमित विरामीहरुका लागि उचित स्थानमा तत्काल ५० बेडको **आईसोलेशन हाउस** निर्माण गर्ने ।

५ . यस नगरपालिकामा क्षेत्रमा संभावित कोरोना संक्रमित विरामीहरुका लागि तत्काल औषधी उपचार तथा उद्धार कार्यका लागि २४ सैं घण्टा १ वटा एम्बुलेन्स तयारी अवस्थामा कार्यालय हाताभित्र राख्ने ।

बिरेन्द्रदेव भारती
(प्रमुख प्रशासकीय अधिकृत)

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत